# विश्वका महिलाहरूको प्रगति २०१९-२०२०

## सारसंक्षेप



बदलिंदो विश्वमा परिवारहरू

UN WOMEN

प्रतिवेदनको पूर्ण पाठ **www.progress.unwomen.org** मा हेर्नुहोस् ।

यस प्रकाशनमा अभिव्यक्त विचार लेखकका हुन् र त्यसले यूएनवुमन, संयुक्त राष्ट्रसङ्घ वा यससँग आवद्ध अन्य कुनै पनि संस्थालाई प्रतिनिधित्व गर्दैनन् । यस प्रतिवेदनमा प्रयोग गरिएका नक्शाहरुमा देखाइएको सीमा र नामहरु, प्रयोग गरिएका संकेतहरुले संयुक्त राष्ट्रसङ्घको आधिकारिक अनुमोदन वा स्वीकृति जनाउँदैन ।

प्रकाशनपछि भेटिएका कुनै पनि भुलचूकको सूचीका लागि, कृपया हाम्रो वेबसाइट हेर्नुहोस् ।

डिजायन : ब्लसम-मिलान

प्रकाशन : एजीएस क्सटम ग्राफिक्स्, आरआरु डोनेरी कम्पनी

**© UN Women 2019**
संयुक्त राज्य अमेरिकामा उत्पादित
सर्वाधिकार सुरक्षित

# सारसंक्षेप

# विश्वका महिलाहरूको प्रगति २०१९-२०२०

## बदलिंदो विश्वमा परिवारहरू
## FAMILIES IN A CHANGING WORLD

United Nations Entity for Gender Equality and the Empowerment of Women

# बदलिंदो विश्वमा परिवारहरू

विश्व द्रतुगतिमा परिवर्तन भइरहेको छ। पारिवारहरू र त्यसमा महिला तथा युवतीहरूको भूमिकामा पनि परिवर्तन आईरहेको छ। आज परिवारको कुनै अकाट्य 'मानक' ढाँचा छैन, न कहिल्यै थियो। कानुन तथा नीतिहरू परिवारहरूका लागि आवश्यक हुने हुनाले सबै सदस्यका आवश्यकताहरू पूरा गर्न समय अनुकूल परीवर्तन हुँदै जानु आवश्यक छ। विश्वका महिलाको प्रगति (प्रोग्रेस अफ द वर्ल्डस् वुमन) ले पारिवारिक जीवनमा आएको रुपान्तरणहरूको मात्रा, परिधि, र लैङ्गिक समानता तथा महिला सशक्तीकरणमाथि त्यसको प्रभावको समीक्षा गर्दछ।

विश्वका उपलब्ध तथ्याङ्कमाथि आधारित यो प्रतिवेदनले परिवारमा महिला र केटीहरूका लागि मानवअधिकार सुनिश्चित गर्न लैङ्गिक समानताका पैरवीकर्ता, सरकार र अन्तर्राष्ट्रिय संघसंस्थाहरू सहित नीति निर्माताका लागि एउटा विस्तृत एजेण्डा प्रस्ताव गर्दछ।

आजभोली, महिलाहरूले आफ्ना परिवारभित्र पहिचान र आवाज बन्न र बढाउन सकेको धेरै संकेतहरू देखिंदै आएका छन्। त्यसका सूचकहरूमा विवाह गर्ने बेलाको उमेर ; विविधतापूर्ण सम्बन्धहरु, बढ्दो सामाजिक तथा कानुनी मान्यता ; बच्चा जन्माउने, नजन्माउने वा कहिले जन्माउने भन्नेबारेमा निर्णय लिन महिलाहरू राम्रो अवस्थामा रहेका कारण जन्मदरमा कमी ; र महिलाहरूको बढ्दो आर्थिक स्वायत्तता लगायत रहेका छन्। यी रुपान्तरणहरू प्रायः महिला अग्रसरतामा आधारित र प्रोत्साहित ठूला स्तरमा भएका जनसाङ्ख्यिक परिवर्तन, शिक्षा तथा रोजगारमा महिला तथा केटीहरूको पहुँचमा आएको बृहत परिवर्तन, विचार र विधिगत परिवर्तन र कानुनी सुधारहरु हुन्।

प्राप्त उपलब्धिहरूका विरुद्ध प्रतिआक्रमण दिन प्रतिदिन बढ्दै गइरहेको सन्दर्भमा मानवअधिकारका मुल्यमान्यताहरूलाई ठोस रुपमा स्थापित गराउन र यसतर्फ सञ्चालन गरिएका सामाजिक आन्दोलन र अभियानहरुलाई अझ बलियो रुपमा अघि बढाउन खाँचो आज झन् बढी छ। लैङ्गिक समानताका लागि भएको धेरै दशकको कार्यबाट प्राप्त उपलब्धिलाई उल्टाउने संगठित प्रयासहरूलाई आजभोली 'पारिवारिक मुल्यमान्यता' को धारणाको खोल ओडाउने काम भइरहेको छ। वास्तवमा यो धारणाका प्रतिपादकहरूले महिला अधिकारलाई अवमुल्यन गर्ने प्रयास मात्र गरेका छैनन्, संगसंगै परिवार र तिनका सदस्यहरूलाई समृद्ध गराउने अवस्थाहरूलाई कमजोर बनाउने नीतिहरू पनि अवलम्बन गरिरहेका छन्।

### परिवारले महिला र बालिकाहरूलाई बलियो वा कमजोर बनाउन सक्छन्

परिवारहरू समाजे निर्माणको मुख्य आधारशिला हुन्, जस विना सुमदाय र अर्थतन्त्रको सञ्चालन सम्भव छैन। परिवारहरू मार्फत नै मानिसले आवास तथा आम्दानी जस्ता स्रोतहरूको बाँडफाँट गर्ने, विरामी र असक्तको हेरचाह गर्ने, र भावी पुस्ता जन्माउने, पालनपोषण र रेखदेख गर्ने कामहरू गर्छन्। परिवारहरू माया र ममताको केन्द्र हुन्, र हरेक सदस्यको पहिचान तथा अपनत्वको भावनाका लागि ज्यादै महत्वपूर्ण भूमिका खेल्दछन्।

यद्यपि, परिवारहरूभित्रनै पनि, कतिपय महिला तथा बालिकाहरूले हिंसा र भेदभावको सामना गर्छन्। आफ्नो जीवनकालमा, हरेक तीन मध्य एक जना महिलाले आफ्नो नजिकको साथीबाट शारीरिक वा यौनजन्य दुर्व्यवहारको सामना गर्ने सम्भवना रहन्छ। केही देशमा, छोरीहरूले पैतृक सम्पत्तिमा हक पाएका छैनन् भने केहि देशमा कानुनतः महिलाहरूले आफ्नो पतिले भनेको मान्नुपर्छ। ति देशहरुमा महिलाका आवाज दबाइन्छ र तीनिहरुलाइ कमजोर बनाइन्छन। महिला तथा बालिकाहरूका लागि परिवार नै उनीहरुको हित विरोधी अवस्थामा रहेको बिषयको पहिचान यस प्रतिवेदनको मूल विषय हो।

आफ्नो पारिवारिक जीवन र सम्बन्धहरूमा महिला तथा बालिकाहरूले सामना गर्न सक्ने असमानता, भेदभाव र प्रतिकूल परिस्थितिहरू स्वभाविक वा अनिवार्य भने होइनन्। त्यसैकारण, नीति निर्माता, अभियन्ता र जीवनका हरेक क्षेत्रका मानिसका लागि तत्कालको चुनौती भनेको परिवारहरूलाई समानता र न्यायको केन्द्रका रुपमा विकसित गर्नु हो। ताकि परीवार यस्तो प्रेरणाको स्रोत होस्, जसको माध्यमबाट महिला तथा बालिकाहरूले आफ्ना अधिकारहरूलाई साकार पार्न सकुन्।

### दिगो विकासका लक्ष्यहरूमा भएको प्रगतिको समीक्षा

परिवारहरू समानताको केन्द्र र भेदभावबाट मुक्त भएको सुनिश्चित गर्ने कार्य दिगो विकासका लक्ष्य (दिविल) हरूको प्राप्तिका लागि अत्यावश्यक छ। दिविल ५ सबै महिला तथा बालिकाहरूका लागि लैगिंक लैङ्गिकतामा आधारित समानता र सशक्तीकरणलाई साकार पार्न हिंसाको उन्मूलन र हानिकारक परम्परागत अभ्यासहरूको अन्त्य गर्न आवश्यक छ। साथै समान उत्तराधिकारको अधिकार र पारिवारिक कानुनमा समानता मार्फत आर्थिक स्रोतमा महिलाको पहुँच सुनिश्चित गरिनु पर्दछ। यस्का साथै महिलाहरूको काँधमा तुलनात्मक रुपमा बढी पर्ने गरेको विना पारीश्रमिक गरिने हेरचाहजन्य र घरेलु काममा साझा दायित्वको प्रवर्द्धन् गरीन पर्दछ।

'सबैका लागि स्वस्थ जीवन सुनिश्चित गरी समृद्धि प्रवर्द्धन् गर्न' (दिविल ३), महिलाहरूलाई प्रजनन् स्वास्थ्य सेवा र परिवार नियोजनमा पहुँच आवश्यक हुन्छ। सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गरी जीवनभर सिकाईका अवसरहरू प्रवर्द्धन् गर्न (दिविल ४) बालिकाहरूले विवाह ढिला गरी विद्यालय शिक्षा पूरा गर्नसक्नु पर्छ। सबैका लागि निरन्तर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनमूलक रोजगारी र मर्यादित काम प्रवर्द्धन् गर्न (दिविल ८) परिवारमैत्री नीति र कार्यस्थल सम्बन्धी नियमावलीहरू हुन आवश्यक छ। त्यसमा महिला र पुरुषहरूले गर्ने हेरचाहजन्य कामलाई पारिश्रमिक श्रमसँग जोड्न सकिने प्रावधानहरू पनि हुन आवश्यक छन्।

यस प्रतिवेदनमा उल्लेखित परिवारमैत्री नीतिगत एजेण्डाको कार्यान्वयनले लैङ्गिक समानता र दिगो विकास दुवै क्षेत्रमा विभिन्न पुस्ताहरूबीच सहकार्य सिर्जना गर्ने र प्रगतिहरूलाई प्रकाश पारिएको छ। यो एजेण्डालाई राष्ट्रिय तथा स्थानीय सन्दर्भमा लागु गर्ननीति निर्मार्तहरूले लैङ्गिक शक्ति सम्बन्धले परिवार भित्र महिला अधिकारलाई कति सबल वा सीमित बनाउछ भन्ने कुरा बुझ्न र परिवारको विविधता पूर्ण तथा बदलिंदो रुपलाई मान्यता प्रदान गर्न आवश्यक छ।

## महिलाहरूद्वारा परिवारभित्रका सहकार्य र द्वन्द्व व्यवस्थापन

यस प्रतिवेदनले परिवारलाई संस्थाका रुपमा लिएको छ, जहाँ सहयोग (एकता र माया) र द्वन्द्व (असमानता र हिंसा) दुवै संगसंगै विद्यमान हुन्छन् (चित्र १ हेर्नुहोस्)।[1]

परिवारभित्र शक्तिको असमान बाँडफाँट, स्रोतको विभाजन वा पारिश्रमिक बिना गरिने स्याहारका र घरेलु काम जस्ता कुराले परिवारभित्र कसरी प्रभाव पारिरहेको हुन्छ भन्ने व्याख्या गर्दै महिलावादी अर्थतन्त्रका धारणाहरूबाट तिनका समाधान गर्न पनि प्रस्ताव गरिएको छ। कामबाट प्राप्त आयआर्जनले महिलाहरूलाई परिवार भित्र आफ्नो अधिकारका स्थापित गर्न सक्षम बनाउने भूमिकाका अतिरिक्त यस प्रतिवेदनले सामाजिक सहयोग प्रणाली (जस्तैः सामुदायिक समूह वा महिला अधिकारवादी संस्थाहरू), राज्यमा आधारित सुविधाहरू (जस्तैः सामाजिक सुरक्षा प्रणाली र कानुनी सेवाहरू) र प्रगतिमूलक सामाजिक मुल्यमान्यताहरूको योगदानमाथि प्रकाश पार्दछ।[2] परिवारहरूलाई यसरी बुझ्दा त्यहाँ भित्र महिला र बालिकाहरूको अवस्था कस्तो होला ?

### बढी स्रोतहरू (केही) महिलाहरूको हातमा

कमाइएको आम्दानी, सामाजिक सुरक्षा र सम्पत्तिमाथिको स्वामित्व मार्फत स्रोतहरूमा महिलाहरूको पहुँच वृद्धिमा उल्लेखनीय प्रगति देखिएको छ। यसले घरभित्रको शक्ति सन्तुलनमा केही परिवर्तनलाई निम्त्याएको छ, जसले महिलाहरूलाई बढी आर्थिक सुरक्षा, निर्णय प्रक्रियामा बढी अधिकार दिन्छ, र आर्थिक दुःख कष्टबाट परिवारहरूलाई बाहिर ल्याउन सहयोग गरेको छ। महिलाका बढी उल्लेख्य र दिगो प्रगति भएका विकसित देशहरूमा पनि आफ्ना पुरुष सहयात्रीसंग बस्ने महिलाको योगदान सामान्यतया परिवारको कुल आयको आधाभन्दा कम रहने गरेको र पारिवारिक सम्पत्तिको हकमा उनीहरुले त्योभन्दा पनि कम जोड्न सकेका हुन्छन्।[3] "मातृत्वको सजाय" का रुपमा बालबच्चा भएका वा नभएका महिलाबीच रोजगारीका अवसरको दर र पारिश्रमिकमा भिन्नता अझैपनि निरन्तर समस्याका रुपमा रहेको छ।[4] यसबाहेक, विश्वको एक अंशमा मात्र सम्पत्ति र सम्पन्नता सिमित र नियन्त्रित हुँदै गईरहेको अवस्थामा, महिलाको प्रगति फरकफरक देशमा र विभिन्न समूहका महिलाबीच असमान रहेका छन्।[5] उदाहरणका लागि, एकल आमा भएका परिवारमा आयआर्जन गर्ने दोस्रो व्यक्तिको अभाव रहन्छ, जसकारण दुई अभिभावकसहितको परिवारको तुलनामा गरिबीको जोखिम बढी हुनसक्छ।[6]


### हेरचाहजन्य काम अझै पनि बृहतरुपमा महिलाकै काधंमा

आर्थिक स्रोतमा महिलाहरूको पहुँचमा समग्रमा सुधार भएपनि विना पारिश्रमिक गरिने स्याहारसुसारको कामको बाँडफाँट अझै पनि असमान छ। पुरुषको तुलनामा महिलाहरू परिवारहरूभित्र तीन गुणा बढी वेतलबी हेरचाहजन्य र घरेलु काम गर्छन्, र त्यसमा पनि विकासोन्मूख देशहरूको सन्दर्भमा प्रष्ट असमानता रहेको देखिन्छ किनभने समय बचत गर्ने पूर्वाधार र सार्वजनिक सेवाहरूमा उनीहरूको पहुँच सीमित छ।ठ

`खाचित्र १

## परिवार भित्र अधिकारका लागि महिलाहरूको सङ्घर्ष

**पारिवारिक सम्बन्धमा लैङ्गिक असमानताको अर्थ महिलाहरूले समान हकको पैसा, खाद्यान्न, आरामको समय र निर्णय लिने अधिकारका लागि प्रायः  सङ्घर्ष गर्नुपर्ने हुन्छ ।**




स्रोत :**Sen 1990a; Agarwal 1997** मा आधारित.

धेरै मुलुकहरुमा हेरचाहजन्य सेवामा केयर डेफिसीट देखिन्छ । विशेषगरी बालबालिका तथा वृद्धवृद्धाका आवश्यकतहरू अनुरुपको संस्थागत हेरचाहजन्य सेवाहरू उपलब्ध छैनन् । जब व्यावसायिक हेरचाहजन्य सेवा उपलब्ध हुँदैन वा धान्न नसकिने स्तरको हुन्छ, महिला र बालिकाहरूबाट त्यो अभावको पूर्ति गर्ने अपेक्षा गरिन्छ, र त्यसले उनीहरूको विद्यालय जाने समय, तलबी श्रम र आरामको समय काटिन पुग्छ, वा हेरचाहजन्य आवश्यकताहरू उपेक्षित हुन जान्छ । यसले महिलाहरुको मयार्दित तलबी श्रम प्राप्त गर्ने क्षमताका साथै उनीहरूका आफ्नै मानसिक र शारीरिक स्वास्थ्यमा समेत नकारात्मक परिणामहरू पर्दछ।

**महिलाहरू बसाइँसराई गर्दा पनि**....

बढ्दो रुपमा विश्वव्यापीकरण भइरहेको संसार र बाध्यात्मक विस्थापन वृद्धि भइरहेको अवस्थामा धेरै परिवारहरूले आफ्नो सदस्यहरूको गुजारा र हेरचाहमा सम्झौता गर्न बाध्य छन् । परिवार, समुदाय र राज्यहरू आप्रवासन गरी आयआर्जन गर्ने महिलाहरूको क्षमता र इच्छामा बढी निर्भर हुँदैजाँदा पुरुषहरूले घरमा रहेको आश्रितहरूको हेरचाहको जिम्मेवारी प्रायः लिंदैनन् । वास्तवमा आप्रवासनले परिवार भित्र हेरचाहजन्य सेवा प्रदायकका रुपमा महिलाहरूको भूमिकालाईजोड दिन्छ । आमाको अनुपस्थितिमा हजुरआमा र ठूला छोरीहरूले आश्रितहरूको हेरचाहमा सहयोग गर्ने गरेका छन् ।

परिवारहरू संयुक्त रुपमा बसाईसराई गर्दा - जुन परिवारहरुले सधैं एकैपल्ट गर्न सक्तैनन, सामाजिक सुरक्षा र सार्वजनिक सेवाहरूमा उनीहरूको पहुँच असमान हुन्छ । त्यस्तो भिन्नता विशेषगरी अभिलेखबध्द नभएका आप्रवासीहरूका लागि र मानवीय संकटको सन्दर्भमा झन् बढी हुनेगर्छ ।

**महिला र बालिका विरुद्धको हिंसा निरन्तर भइरहेको छ**

परिवारहरू भित्र हुने द्वन्द्वको सबैभन्दा नराम्रो रुप भनेको महिला र बालिकाहरू विरुद्धको हिंसा हो । दशकौंको महिलावादी अभियानपछि परिवार भित्र हुने हिंसालाई निजी मामिला भन्दा पनि सार्वजनिक चासोको विषयका रुपमा स्वीकार गरिएको छ । हाल कानुन, कार्ययोजना, संरक्षण तथा सहयोगी सेवा, र बढ्दो संख्यामा हिंसा निवारण कार्यक्रमहरू लागु भएको छ ।

यी प्रयासहरूका बावजुद विश्वका हरेक क्षेत्रमा परिवार भित्र महिला र बालिकाहरू विरुद्ध हिंसा अकल्पनीय रुपमा व्याप्त छ । परिवार भित्र हुने हिंसा घातक हुने गर्छ ; सन् २०१७ मा नियतवश हत्या गरिएका सबै महिलामध्ये अनुमानित ५८ प्रतिशतको हत्या उनीहरूका आफ्नै परिवारका सदस्यबाट भएको थियो, जसको अर्थ हरेक दिन १३७ महिलाहरूको हत्या भएको थियो ।[8]

## आजका परिवार : बदलिंदो र विविध

आजकल परिवारहरू एकै स्वरुपका मात्र हुँदैनन्, न त विगतमा नै हुन्थे । यस प्रतिवेदनले समयको अन्तरालमा विभिन्न क्षेत्रमा र देशहरू भित्र पारिवारिक संरचना र सम्बन्धहरूमा रहेको उल्लेखनीय विविधताको अभिलेख गरेको छ । घरपरिवारलाई विश्लेषणको एउटा इकाईका रुपमा लिंदा विश्वभरीका एक तिहाई भन्दा केही बढी घरपरिवारहरू (३८ प्रतिशत) बच्चा सहितका दम्पत्तिले मात्र बनेका छन् (रेखाचित्र २ हेर्नुहोस्) ।[9] यी घरपरिवारहरूमा पनि एकरुपता रहेको पाइदैन, किनभने आम्दानीको आधारमा वा छोराछोरीबीच उमेरको आधारमा भिन्नता रहेको छ । सबै घरपरिवारहरू मध्ये झण्डै दुई तिहाई घरपरिवारका स्वरुप फरक-फरक छन् , र ती मध्ये झण्डै एक तिहाई (२७ प्रतिशत) संयुक्त परिवारका रुपमा रहेका छन्, जस्तैः त्यहाँ हजुरबुवा आमा, काका वा काकीहरू पनि समावेश हुन्छन् ।

एकल अभिभावक भएको घरपरिवार (जसमा ८४ प्रतिशत एकल-आमा घरपरिवार रहेका छन्), र छोराछोरी नभएका विपरित लिङ्गी वा समलिङ्गी दम्पत्तिहरूसामान्यतः धेरै क्षेत्रमा रहेका छन् । बढी उमेर भएका मानिसहरुको समाजमा एकल-व्यक्ति घरपरिवारहरू बढी रहेका छन् ।

अन्तर क्षेत्रीय र देशहरू भित्र पारिवारिक वनावटमा रहेको भिन्नतालाई के कुराले व्याख्या गर्छ ? सार्वजनिक नीति, सामाजिक मुल्यमान्यता, जनसाङ्ख्यिक परिवर्तन र रोजगारीका प्रवृत्तिहरू सबैले भूमिका निर्वाह गर्छन् ।[11]

**अन्तरंग साझेदारीमा परिवर्तन**

विगतको तीन दशकमा महिला र पुरुषले कोसँग, कहिले सम्बन्ध राख्ने वा नराख्ने भन्ने बारेमा उल्लेखनीय परिवर्तनहरू भएका छन् । विश्वभरी नै महिला र पुरुषहरूको विवाह गर्ने उमेर बढ्दै गइरहेको छ ।[12] यसले महिलाहरूलाई आफ्नो शिक्षा पूरा गर्न, श्रम बजारमा बलियो उपस्थिति जनाउन, र आफूलाई आर्थिक रुपमासक्षम बनाएको छ । विवाह नगरी सँगै बस्ने अभ्यास मा वृद्धि भइरहेको छ, र केही क्षेत्रहरूमा, बढ्दो संख्यामा महिलाहरू विवाहबाट टाढै रहने गरेका छन् ।[13]

यी निर्णयहरू केही दम्पत्तिहरूका लागि परिवार शुरु गर्ने मुल्य निकै बढी हुने हुनाले रोजाई र आवश्यकता दुवै हुनसक्छ ।[14] महिलाले दोस्रो दर्जाका भूमिका लिनुपर्ने दाम्पत्य सम्बन्धमा जान हिचकिचाउने प्रवृत्ति प्रतिबिम्वत भएको देखिन्छ ।

सन् १९८० को दशकदेखि बढ्दै गएको पारापाचुकेको दर पनि प्रायः क्षेत्रहरूमा भईरहेका पारिवारिक परिवर्तनलाई प्रत्यक्ष दर्शाउने कुरा हो ।[15]केहि विकसित देशमा पारापाचुके सम्बन्धी कानूनमा लचकता अपनाएपछि, त्यसले महिलाको आत्महत्या दरमा कमी ल्याउनुका साथै घरेलु हिंसाका घटनामाकमी र श्रीमानबाट महिलाको हत्या हुने घटनामा पनि कमी आएको छ ।[16]

यद्यपि, पारापाचुके र सम्बन्ध विच्छेदले महिलाका लागि अन्य प्रकारका जोखिम भने बढाउन सक्छ । कुनै पनि सम्बन्ध विच्छेद हुँदा त्यसको नकारात्मक आर्थिक प्रभाव पुरुषका लागि भन्दा महिलालाई बढी पर्न जान्छ । प्रायः महिलाहरूले वैवाहिक सम्पत्ति, स्रोतहरूमा पहुँच गुमाउँछन् र छोराछोरीहरूमाथिको अधिकारबाट पनि बञ्चित हुन्छन् ।[17]

### प्रजनन् मामिलामा महिलाहरूको आवाज र पहिचान

बच्चा जन्माउने कुरा पारिवारिक जीवनको एउटा मुख्य आधारस्तम्भ हो, जसमा धेरै रुपान्तरणहरू भइरहेका छन् । विश्वभरी, जन्मदरमा ह्रास आइरहेको भएपनि क्षेत्रगत परिवर्तनको गतिमा भिन्नता रहेको पाइन्छ । यो परिवर्तनले महिलाहरूले छोराछोरी पाउने वा नपाउने र कहिले पाउने, र कति जना पाउने भन्नेकुराको निर्णयमा बढी सहभागी भइरहेको तर्फ संकेत गर्छ । व्यवहारिक रुपमा सानो परिवारको सञ्चालन कम खर्चिलो हुन्छ र त्यहाँ महिलाहरूको हेरचाहजन्य र घरायसी कामको बोझ पनि कम हुनसक्छ । अर्कोतर्फ, केही देशहरुमा ` घट्दो जन्मदरले यो कुरा पनि संकेत गर्छ कि महिला र पुरुषहरूले आफूले चाहना गरेको भन्दा कम छोराछोरी पाइरहेका छन् । छोराछोरीको पालनपोषण आर्थिक रुपमा चुनौतीपूर्ण बनाउने अवस्था वा उनीहरूले आफ्ना वृद्ध बाबुआमाको पनि हेरचाह गर्नुपर्ने र दीर्घकालीन गुणस्तरीय हेरचाहजन्य सेवाहरूको अभावका कारण पनि दम्पत्तिहरूले छोराछोरीहरूको संख्या कम गरिरहेको पनि हुनसक्छ । पुरुषहरूले अझै पनि वेतलबी हेरचाहजन्य र घरायसी काममा आफ्नो उचित प्रतिशतको योगदान नगरेका कारण पनि महिलाहरूले छोराछोरी कम पाउने विकल्प रोजेको हुनसक्छ ।

परिवारहरूको लैङ्गिक आयाम, र महिला तथा पुरुषहरूको जीवनकालमा तिनले धारण गर्ने विविधतापूर्ण रुपलाई बुझ्नु नीति निर्माणका लागि अत्यावश्यक आधार हुन् ।

## सार्वजनिक पहलका लागि कस्तो भूमिका हुनसक्छ ?

परिवार, अर्थतन्त्र र सरकारहरूबीचको सम्बन्ध अन्तरसम्बन्धित छ : समृद्धिका लागि हरेक एकअर्काका पूरक हुन् र स्थिर तथा समृद्ध समाजनिर्माण गर्न पनि यी तीनै तत्व आवश्यक हुन्छन् । राम्रोसँग सञ्चालित बजार र राज्यहरूका लागि श्रम उत्पादन गर्न, मालसामान र सेवाहरू खरिद गर्न, कर तिर्न, र समाजका उत्पादनशील सदस्यहरूलाई हुर्काउन परिवारहरू आवश्यक हुन्छ । तथापि, परिवारहरूले गर्ने योगदानहरू असीमित हुँदैनन् ।

निजी तथा सार्वजनिक क्षेत्रहरूले असीमित रुपमा लाभ लिन 'कहिले नसुक्ने कुवा' का रुपमा व्यवहार गर्दा परिवार र तीनका सदस्यहरूका लागि प्रतिकूल परिणामहरू नित्याउनसक्छ । मितव्ययिता, नबढ्ने तलब, द्वन्द्व र द्रुत गतिमा भइरहेको जलवायु परिवर्तनले परिवाहरूको अस्तित्व कायम गर्न कठिन बनाउँछ । यस सन्दर्भमा सहयोगी समुदायहरू, बजार र राज्यहरू अझ बढी महत्वपूर्ण हुन्छन् । [18]


मानवअधिकारसम्बन्धी आफ्नो दायित्वका कारण परिवारहरूलाई सहयोग गर्नु राज्यहरूको विशेष जिम्मेवारी हो । ७० बर्ष अघि नै, मानवअधिकारको विश्वव्यापी घोषणापत्रले परिवारहरूलाई संरक्षण र सहायता आवश्यक हुने समाजको एउटा आधारभूत इकाईका रुपमा स्वीकार गरेको छ ।[19] अन्तर्राष्ट्रिय कानुनमा समानता र अविभेदको सिद्धान्त ( विशेषगरी विवाहको सन्दर्भमा) सँग परिवारको संरक्षण अन्तरंग हिसाबले जोडिएको छ ।[20] महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिले (सिड) पारिवारिक सम्बन्धहरूलाई यो सिद्धान्तको दृष्टिकोणमा अध्ययन गरिनुपर्छ भन्ने कुरा स्पष्ट गर्दछ (धारा १६) ।

त्यसलाई पारिवारिक सन्दर्भमा लागु गर्नुको अर्थ परिवारसँग सम्बन्धित सबै कानुन, नीति र अभ्यासहरूलाई परिवारका सदस्यहरू विरुद्ध वा परिवारको कुनै पनि रुप विरुद्ध विना भेदभाव लागु गरिनुपर्छ । सिडले 'निजी' क्षेत्रलाई 'सार्वजनिक' क्षेत्रबाट अलग्याउने कुराको पनि प्रतिरोध गर्दै बजार र राजनीतिको 'सार्वजनिक' संसारमा जस्तै विवाह र परिवारको 'निजी' संसारमा पनि मानवअधिकार परिपूर्ति भएको सुनिश्चित गर्नु राष्ट्रहरूको जिम्मेवारी हो भन्ने कुरा स्पष्ट गर्दछ ।[21]

# घरपरिवारका प्रकारहरू : विश्वव्यापी र क्षेत्रीय औसतहरू

विश्वव्यापी रुपमा, हरेक दश घरपरिवारमध्य चार भन्दा कम छोराछोरी (कुनै पनि उमेरका)सँग बसोबास गर्ने दम्पत्तिले बन्ने गरेको छ ।

विविधता घरपरिवारको बनावटमा एउटा मानक हो : उपसहारा अफ्रिका र मध्यत तथा दक्षिणी एसियामा, सबै घरपरिवारहरूको झण्डै एक तिहाई घरपरिवारहरू संयुक्त परिवार रहेका छन् ; विभिन्न क्षेत्रहरूमा दश मध्ये एक परिवारिक एकल-अभिभावकको घरपरिवार रहेका छन् ।





स्रोत :यूएन डिइएसए २०१८ ऐ बाट लिइएको राष्ट्रस्तरीय अनुमानको प्रयोग गरी यूएन वुमनले गणना गरेको क्षेत्रीय मुल्य । यस विश्लेषणका लागि चीनसम्बन्धी तथ्याङ्क हु तथा पेङ्ग २०१५ मा उत्पादित र प्रकाशित अनुमानहरुमा आधारित छन् ।
टिपोट : (.) चिन्ह दिइएको क्षेत्रीय अनुमानहरु सम्बन्धित क्षेत्रीय जनसङ्ख्याको दुई तिहाई भन्दा कममा आधारित छन् र सावधानीका साथ लिइनुपर्छ : यूरोप र दक्षिण अमेरिका (जनसङ्ख्याको ४१.० प्रतिशत) र दक्षिण अफ्रिका र पश्चिम एसिया (जनसङ्ख्याको ३६.१ प्रतिशत) । पूर्णांकनले गर्दा प्रकारको आधारमा विश्वव्यापी र क्षेत्रीय वितरणको योगफल १०० नहुनसक्छ । ओसियानाका लागि जनसङ्ख्याको पहुँच अपर्याप्त भएकोले यहाँ देखाइएको छैन ।

यस प्रतिवेदनमा उल्लेख गरिएका अतिरिक्त महासन्धिहरूले एउटा विस्तृत समूहको सामाजिक, आर्थिक र साँस्कृतिक अधिकारहरू सम्बन्धी कानुनी आधार र विस्तृत नीतिगत मार्गदर्शन प्रदान गर्छन् । त्यसमा सबै दम्पत्ति र व्यक्तिहरूको "स्वतन्त्र र जिम्मेवार रुपमा आफ्नो छोराछोरीको संख्या, जन्मान्तर र समय निर्णय" गर्ने अधिकार सुनिश्चित गर्ने दायित्व (आइसीपीडी कार्ययोजना)[22] ; महिला तथा बालिकाहरू विरुद्ध हुने हिंसा (परिवारभित्र हुने समेत)लाई त्यसको हरेक रुप र प्रकारमा उन्मूलन गर्ने दायित्व ( सिडः साधारण सिफारिस ३५)[23] ; र बालअधिकार संरक्षण गर्ने दायित्व (सिआरसी) पनि समावेश छ ।[24]

यस प्रतिवेदनले सरकारहरूलाई मुख्य पात्रका रुपमा पहिचान गरेको भएपनि राज्यका जिम्मेवार निकायहरु र लैङ्गिक समानता तथा महिला अधिकारको अभियन्ताहरूले पनि परिवर्तनका मुख्य बाहकका रुपमा भूमिका निर्वाह गर्न आवश्यक छ । त्यसमा मुख्य रुपमा महिला अधिकार र महिलावादी संस्थाहरू पर्छन्, जो ऐतिहासिक रुपमा परिवर्तनको प्रमुख बाहक बनेका छन्, जसले प्राय श्रमिक संगठन, धार्मिक संस्था र नीजि क्षेत्रसंगको सहकार्यमा परिवार भित्र र बाहिरका लैंगिक समानता अभिबृद्धि गर्ने कानून र नीति परिवर्तन र कार्यान्वयनका लागि काम गर्छन् । यस प्रतिवेदनको नीतिगत एजेण्डाले परिवारलाई समानता र न्यायका लागि एक घरको रुपमा परिकल्पना गर्दछ जहाँ महिला र बालिकाहरूले परिवर्तनका माध्यम र आफ्नो सरोकार राख्ने कुराको अभ्यास गर्न सक्छन्, र जहाँ उनीहरूको आर्थिक सुरक्षा र भौतिक सुरक्षा हुन्छ ।

## भावि मार्ग : परिवारमैत्री नीतिको कार्यसूचि



## १. विविधता, समानता र अविभेदमा आधारित पारिवारिक कानुनहरूको स्थापना

राज्य, समुदाय र धार्मिक संस्थाले विवाह र पारिवारिक जीवनलाई कानून र नीतिहरूमार्फत् नियमन र हस्तक्षेप गर्ने गर्छन् । पारिवारिक कानूनले विवाह (विवाहको न्यूनतम उमेर लगायत), पारापाचुके, बालबालिकाको संरक्षण र अभिभावकत्व, धर्मपुत्र/पुत्री र सम्पत्ति हस्तान्तरणलाई नियमन गर्छ । तीनमा प्रायः लैंगिक रुपमा विभेदकारी प्रावधान हुने गर्छन्, जसले विश्वका धेरै ठाउँमा महिला र बालिकाका लागि समान अवसर प्रदान गर्दैनन् । पारापाचुकेका लागि कदम चाल्न पाउने कानूनी अधिकारको अभाव, अथवा बालबच्चाको संरक्षकत्व गुमाउने डरले विवाह भित्रनै पनि लैंगिकताका आधारमा शक्तिको असमान सम्बन्ध हुनसक्छ, जसले महिलालाई असन्तुष्टिपूर्ण वा हिंसात्मक सम्बन्धमा बाँधिरहेको हुनसक्छ । महिलाको वेतलबी योगदानलाई मान्यता नदिने वैवाहिक व्यवस्था वा छोराछोरीको पालनपोषणमा पुरुषले आफ्नोतर्फबाट न्यायोचित योगदान गर्न आवश्यक नभएको अवस्थामा महिलाहरुलाई असन्तुष्टिपूर्ण सम्बन्ध तोड्न कठिन हुनेगर्छ ।

तर ट्यूनिसियाको उदाहरणमा जस्तै (बाकस १ हेर्नुहोस्) भेदभावपूर्ण पारिवारिक कानुन परिवर्तन हुनसक्छन् र परिवर्तन भएका पनि छन्, जसका लागि महिला अधिकारवादी र सरकार, न्यायपालिका र नागरिक समाजमा रहेका समर्थकहरूबाट सञ्चालित दीर्घकालीन अभियानहरू पर्दछन् । अधिकांश क्षेत्रमा विशेषगरी सन् १९५० को दशक यता पारिवारिक कानुनहरूलाई समान बनाउने प्रवृत्ति देखा परेको छ ।[25] थप सुधार का लागि पारिवारिक कानुनले साझेदारीको सम्झौताहरूको वास्तविक विविधतालाई ध्यानमा राख्नुपर्छ र त्यसमा समलिङ्गी र/वा सहबसोबास सम्बन्धमा रहेका महिलाहरूको अधिकार संरक्षित भएको सुनिश्चित गर्ने कार्य समावेश हुनुपर्छ ।

**बाकस १** ट्यूनिसियामा पारिवारिक कानुनहरूमा प्रगति

जब सन् १९५६ मा ट्यूनिसियाको निजी/व्यक्तिगत अवस्थासम्बन्धी संहिताले आपसी सहमतिको विवाह र पारापाचुकेका प्रकृयामा महिलाका लागि समानताका प्रावधान राख्यो, त्यतिबेला देखि अरब मुलुकहरु मध्येमा लैंगिक समानतासहितको कानूनमा ट्यूनिसिया अग्रस्थानमा छ ।

त्यसको करिब ६० वर्षपछि सन् २०१४मा, सरकारले महिला विरुद्धका विभेद अन्त्यसम्बन्धी महासन्धी प्रतिका सबै विमति हटाएर एक नयाँ संविधान लागू गरेको छ, जसले महिलाका लागि व्यापक नयाँ अधिकार प्रदान गर्छ [26]। महिलासम्बन्धी काम गर्ने नागरिक समाजका संस्थाले यस उपलब्धीका लागि महत्वपूर्ण भूमिका खेलेका थिए । उनीहरुले विभिन्न दलहरुसंग काम गर्नुका साथै ऐतिहासिक रुपमा विभाजित मुस्लिम तथा धर्मनिरपेक्ष महिला अधिकार समूहहरुसंग मिलेर महिलाका लागि राष्ट्रिय संवाद स्थापना गरेका थिए, जसले नयाँ संविधानसम्बन्धी उनीहरुका मागका लागि एक समावेशी मञ्च विकास गरेको थियो [27]। उनीहरुले महिलालाई पुरुषका परिपूरकका रुपमा स्थापित गर्नसक्ने एक मस्यौदा दफाबारे सचेतना फैलाउन र त्यस विरुद्ध आवाज उठाउन सामाजिक सञ्जालको प्रयोग गरेका थिए, र परिणामस्वरुप, त्यस मस्यौदामा संशोधन गरेर "सबै नागरिक, पुरुष तथा महिलाको समान अधिकार र दायित्व हुन्छ, र कुनैपनि विभेदविना कानूनका नजरमा समान हुन्छन्" (धारा २१) भन्ने व्यवस्था गरियो [28]।

यस नयाँ संविधानले सन् २०१७ मा, महिलाविरुद्धका हिंसा अन्त्यसम्बन्धी कानून, बलात्कारीले आफ्ना पीडितसंग विवाह गरेमा सजायबाट उन्मुक्ती पाउने दण्डसजाय संहिताको प्रावधान रद्द, मुस्लिम महिलाले गैरमुस्लिमसंग विवाह गर्न रोक लगाउने कानूनमा परिवर्तन लगायतका उल्लेखनीय कानूनी परिवर्तनका लागि ठोस आधार प्रदान गरेको छ [29]।

सन् २०१८ मा, पैत्रिक सम्पत्तिमा समान अधिकारसम्बन्धी कानून बनाउने यस क्षेत्रको पहिलो मुलुक ट्यूनिसिया बनाउनका लागि कदमहरु चालिएका छन् [30]। पैत्रिक सम्पत्ति सम्बन्धी कानूनमा समानता र न्यायका आधारमा मात्र सुधार नभएर, पारिवारिक जीवनको संरचना र गतिशीलतामा आइरहेको परिवर्तनसंग मेल खाने गरेर सुधार गरिनु आवश्यक रहेको यस क्षेत्रका इस्लामिक महिलावादीहरुको तर्क रहेको छ । ऐतिहासिक रुपमा महिला तथा बालबालिकाका लागि प्रदायकको भूमिकामा पुरुष रहेकाले पनि पैत्रिक सम्पत्तिमा महिलाको कम पहुँचलाई न्यायोचित मानिन्थ्यो । तर अहिले यस क्षेत्रका केहि देशमा उल्लेख्य अनुपातका घरपरिवारमा महिला एक्लैले प्रदायकको भूमिका खेल्ने गरेकाले [31],यसमा परिवर्तन ल्याउनु अपरिहार्य र अत्यावश्यक छ भन्ने इस्लामिक महिलावादीहरुको तर्क छ [32]।

## २. परिवारहरू र लैङ्गकतामा आधारित समानतालाई सहयोग गर्ने उच्च गुणस्तरीय, पहुँचयोग्य सार्वजनिक सेवा सुनिश्चित गर्ने

शिक्षा र प्रजनन् स्वास्थ्य सेवा लगायतका सार्वजनिक सेवाहरूले परिवारहरूलाई सहयोग गर्ने र लैङ्गिकतामा आधारित समानतालाई अघि बढाउने दुवै कार्यमा ज्यादै महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । विकसित राष्ट्रहरूमा शिक्षाले महिलाहरूका लागि घरेलु क्षेत्र भन्दा बाहिर नयाँ आयामहरू सिर्जना गरेको छ भने विकासोन्मूख राष्ट्रहरूमा माध्यमिक विद्यालयमा हुने उपस्थितिलाई बालविवाह र बयश्क उमेरमा आमा बन्ने संख्यामा आएको कमिसँग जोडेर हेरिन्छ । ग्रामीण क्षेत्रमा रहेका, अपाङ्गता भएका, अल्पसङ्ख्यक समूहहरूका र सबैभन्दा गरिब घरपरिवारका बालिकाहरूसम्म पुग्न थप प्रयासहरू आवश्यक हुन्छ । लैङ्गिकतामा आधारित समानता र स्वस्थ सम्बन्धहरू प्रवर्द्धन् गर्ने पाठ्यक्रम आवश्यक छ, साथै विद्यालयहरूले गर्भवती वालिकाहरू र युवा अभिभावकहरूप्रति सौहार्द व्यवहार गरेको र भेदभाव नगरेको सुनिश्चित गर्नु पनि आवश्यक छ ।

आफ्नो प्रजनन्माथिको नियन्त्रणले पनि महिलाहरूको कल्याण, अवसरहरू र अन्य सबै मानवअधिकारहरूको उपयोगलाई निर्धारण गर्छ । सन् १९७० मा विश्वभरी परिवार नियोजनको साधन प्रयोग गर्न चाहने र गर्ने विवाहित वा सम्बन्धमा रहेका १५ देखि ४९ बर्षका केवल ४२.२ प्रतिशत महिलाहरू थिए भने सन् २०१५ सम्ममा यो सङ्ख्या बढेर ७७.२ प्रतिशत पुगेको थियो (हे. रेखाचित्र ३) । आफ्नो सम्बन्धमा महिलाहरूको पहिचान र विचारको प्रतिनिधित्व भएको सुनिश्चित गर्ने अधिकारमा आधारित प्रजनन् स्वास्थ्य सेवाहरूमा महिला र पुरुषहरूको पहुँचमा थप प्रगति हुन आवश्यक छ । जुन कुरा रुवाण्डाको उदाहरण (हे. बाकस २)मा जस्तै प्रायः समग्र स्वास्थ्य प्रणालीको सुदृढीकरण सँगसँगै आउँछ । मानवअधिकार समितिले कार्यादेश दिए जस्तै असुरक्षित गर्भपतनबाट हुने मृत्यु र दुःखकष्ट न्यून गराउन नीतिहरूको पनि तत्काल खाँचो छ ।[33]

**बाकस २** ### रुवाण्डामा परिवार नियोजन र स्वास्थ्य सेवाहरूको विस्तार

**कमजोर स्वास्थ्य प्रणाली र उच्च जन्मदर रहेको क्षेत्रमा रुवाण्डाले द्रुत गतिमा बढिरहेको परिवार नियोजन र प्रजनन् स्वास्थ्यसेवामा पहुँचका हकमा महिला, परिवार र समग्र समाजका लागि प्रष्ट लाभसहितको उल्लेखनीय प्रगति हासिल गरिरहेको छ ।**


**सन् १९७० मा रुवाण्डामा परिवार नियोजनको मागमा आधुनिक परिवार नियोजनका साधनले केवल ०.२ प्रतिशत ओगटेको थियो । सन् २०३० सम्ममा यो ७८.२ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ, जुन संख्या सबसहारा अफ्रिकाका लागि औसत (६२.०) प्रतिशत भन्दा धेरै माथि हो ।[34]विगतको चार दशकमा रुवाण्डाको कुल प्रजनन् दर प्रति महिला ८.३ बाट ३.८ मा झरेको छ,[35]भने मातृमृत्यु दर प्रति १००, ००० जन्ममा सन् १९९० मा १,३०० बाट सन् २०१५ मा २९० पुगेको छ ।[36]**

**यो प्रगतिको कारण सरकारबाट भएको स्वास्थ्य प्रणालीको प्राथमिकतापूर्ण सुदृढीकरण हो । उदाहरणका लागि, रुवाण्डाले तालिमप्राप्त नर्स, मातृशिशु सहायक र चिकित्सकहरूको सङ्ख्या बढाउन नर्सिङ् र मातृशिशु सहायकहरुको विद्यालयहरूको स्थापना गरेको छ । कण्डम र परिवार नियोजनका अन्य साधनहरू वितरण गर्दै सेवा प्रवाहमा सामुदायिक स्वास्थ्यकर्मीहरूले पनि महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । सन् १९९९ मा सुरु गरिएको सामुदायिक स्वास्थ्य वीमा कार्यक्रमले सन् २०१० सम्ममा रुवाण्डाका ७८ प्रतिशत नागरिकहरूलाई समेटिसकेको थियो ।[37]**

**यसमा दुवै स्वदेशी तथा वैदेशिक लगानीको प्रभावकारी परिचालनले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । दातृ निकायहरूबाट प्राप्त आर्थिक सहायताको व्यवस्थापनका लागि रुवाण्डामा प्रभावकारी संयन्त्र छ, जसले सबै बाह्य सहायता सरकारका तत्कालका प्राथमिकताहरूमाथि लगानी गरिनुपर्ने कुरामा जोड दिन्छ ।[38]स्वास्थ्य सेवाको क्षेत्रमा गरिने खर्च सन् २००२ मा प्रति व्यक्ति ७.९१ अमेरिकी डलरबाट सन् २०१६ मा ४८.०८ डलर पुगेको थियो, जुन विश्व स्वास्थ्य संगठनद्वारा सिफारिस गरिएको न्यूनतम ४४ अमेरिकी डलर भन्दा माथि छ ।[39]**

**केही चुनौतीहरू अझै पनि विद्यमान छन् । केही सन्दर्भहरूमा भेदभावपूर्ण मानसिकता तथा आस्थाहरूले जरा गाडेको अवस्था छ । धेरै महिलाहरूले आफ्नो पतिको अनुमति बिना परिवार नियोजनका साधनमा पहुँच प्राप्त गर्न नसक्ने बताएका छन् । अविवाहित वयश्क युवतीहरूको परिवार नियोजमा पहुँच प्रायः सीमित हुने गरेको छ, जसमा एउटा कारण सामुदायिक स्वास्थ्यकर्मीहरूको रुढिवादी मानसिकता रहेको छ ।[40]स्वास्थ्य केन्द्रहरूमा स्थापित युवा शाखा वा स्वचालित युवा केन्द्रहरूले युवतीहरूका लागि सेवा र गोपनियता प्रदान गर्न सहयोग गरेका छन् तर ती अझैपनि व्यापक रुपमा विस्तार हुनसकेका छैनन् ।[41]**

**रेखाचित्र ३** क्षेत्र, विवाहित वा सम्बधनमा रहेका १५ देखि ४९ बर्षका महिलाका आधारमा आधुनिक परिवार नियोजनका विधिको माग, सन् १९७०-२०३०




**स्रोत :** :यूएन डिइएसए २०१८ बी र :यूएन डिइएसए २०१८ सी मार्फत यूएन वुमनले गणना ।.

टिपोट : फेब्रुवरी २०१८ सम्म उपलब्ध तथ्याङ्कमा आधारित ९०, ००० वा बढी बासिन्दा भएको १८५ देश र क्षेत्रहरु समावेश गरिएको छ। प्रतिशतहरुको राष्ट्रको औसत (मिलान गरिएको) अनुमानहरुलाई महिलाहरुको अनुमानको संख्यामा सम्बन्धित बर्ष र देशका लागि १५ देखि ४९ बर्षका विवाहित वा सम्बन्धमा रहेका महिलाहरुको संख्याको अनुमानित प्रतिशतले गुणन गरेर परिवर्तन गरिएको हो। प्रतिशतहरुको क्षेत्रीय तथा विश्वव्यापी अनुमानहरु परिवार नियोजनका आधुनिक साधनको प्रयोग गर्ने महिलाहरुको संख्यलाई सम्बन्धित बर्ष र क्षेत्रका लागि परिवार नियोजनको माग गर्ने १५ देखि ४९ बर्षका विवाहित वा सम्बन्धमा रहेका महिलाहरुको संख्याले भाग गरेर प्राप्त गरिएको हो। () संकेत चिन्ह दिइएको सन् २०२०, २०२५ र २०३० का लागि तथ्याङ्क प्रक्षेपणमा आधारित छन्।

## ३. पर्याप्त, स्वतन्त्र आम्दानीमा महिलाहरूको पहुँच सुनिश्चत गर्ने

परिवारहरूको समृद्धिका लागि पर्याप्त आम्दानीमा पहुँच आवश्यक हुन्छ, जसलाई बजारमा आधारित श्रम, जग्गा जस्ता सम्पत्तिबाट प्राप्त हुने प्रतिफल वा सामाजिक सुरक्षा प्रणाली मार्फत आउने सामाजिक रकम मार्फत प्राप्त गर्न सकिन्छ । आफ्नो आम्दानी हुँदा महिलाहरूलाई आफ्नो दाम्पत्य सम्बन्धमा पुरुषहरूसँग समान हैसियतमा रहन सक्षम बनाउँछ, परिवारभित्र उनीहरूको आवाज बलियो हुन जान्छ र आवश्यक भएमा वैवाहिक सम्बन्ध तोडेर बाहिर निस्कन सक्छन् । तथापि, विवाह र घरपरिवारमा स-साना छोराछोरीको उपस्थितिले महिलाहरूको श्रमशक्ति सहभागितालाई कमजोर बनाउने गरेको देखिन्छ (हे. रेखाचित्र ४) र यो ज्यालामा 'मातृत्व दण्ड'सँग सम्बन्धित छ । घरबाहिर श्रममा संलग्न हुने विवाहित महिलाहरूको क्षमतालाई सीमित बनाउने सामाजिक मुल्यमान्यताहरू कठोर भएपनि बङ्गलादेशको उदाहरणमा देखिए जस्तै (हे. बाकस ३) त्यसलाई परास्त गर्न सकिन्छ ।

विविधतापूर्ण परिवारहरूलाई सहयोग पुर्‍याउने लैङ्गिक रुपमा जवाफदेही सामाजिक सुरक्षा प्रणालीका साथै श्रम बजार र मर्यादित श्रम सिर्जना गर्ने समष्टि-आर्थिक नीतिहरू आवश्यक छन् । यी लक्ष्यहरू पूरा गर्नका लागि सामाजिक संरक्षणका अत्यावश्यक अन्तर्वस्तुहरूमा देहाय बमोजिम हुन्छन् : तलबी सुत्केरी र पैतृक विदा ; छोराछोरी भएका परिवारहरूका लागि सामाजिक सहायता, र एकल अभिभावकका लागि त्यसमा थप सहयोग; र लैङ्गिक रुपमा जवाफदेही र गैरयोगदानमा आधारित प्रणालीको समिश्रणमार्फत पर्याप्त निवृत्तिभरण ।

**बाकस ३** 

### बङ्गलादेशमा महिलाहरूको तलबी श्रमसम्बन्धी सामाजिक मुल्यमान्यताबारे सम्झौता

**केही परिस्थितिहरूमा महिलाहरूको श्रमशक्तिमा सहभागिताले पतिहरूबाट प्रतिरोध निम्त्याउन सक्छ, र त्यो जीवनसाथीबाट हुने हिंसाको प्रारम्भिक विन्दु बन्नसक्छ । पर्दासम्बन्धी मान्यताहरूका कारण महिलाहरू घरभित्रै सीमित हुनुपर्ने समाजमा विशेषगरी पतिको परिवारको 'मानसम्मान'का बारेमा रहने चिन्ताको पृष्ठभूमिमा बङ्गलादेशका विवाहित महिलाहरूले देशको निर्यात मुखी गार्मेन्ट उद्योगहरूमा कसरी  काम पाउन सके ?[42]**

सन् १९८० को दशकमा यी उद्योगहरूमा प्रवेश गर्ने पहिलो चरणका महिलाहरूसँगको अन्तर्वार्ताले आफ्ना पतिहरूको प्रतिरोधलाई सामना गर्न उनीहरूले प्रयोग गर्ने व्यवहारिक रणनीतिहरू उजागर गर्‍यो । अन्तरंग वैवाहिक सम्बन्धमामहिलाहरूलाई आफ्ना पतिको डर र चासो-चिन्ताबारे राम्रो ज्ञान हुनेभएकाले  त्यो बुझाईलाई उनीहरूले आफ्नो सम्झौता-वार्तामा प्रभावकारी रुपमा प्रयोग गरे ।

पहिलो कुरा, महिलाहरूले श्रम गर्ने उनीहरूको चाहनालाई घरपरिवारको कल्याण, विशेषगरी आफ्ना छोराछोरीहरूको उज्वल भविष्यका सम्बन्धमा रहेको साझा चासोको अर्थमा उचित ठहर गरे । पारिवारिक कल्याणका लागि ल्याइएका तर्क पिता र संरक्षकका रुपमा रहेका पुरुषहरूलाई प्रतिरोध गर्न कठिन भयो । दोस्रो, घरबाहिर उनीहरूको व्यवहारमा दोष लगाउने ठाउँ नभएका कारण आफ्ना पतिहरूलाई उनीहरूको पर्दाको मान्यता नतोडिएको कुरामा आश्वास्त बनाउँदै महिलाहरूले उनीहरूको सार्वजनिक उपस्थितिले ल्याउने नकारात्मक सामाजिक प्रभावलाई निस्तेज तुल्याउने प्रयास गरे : कामपछि उनीहरू अरुसँग 'घुम्न-डुल्न' गएनन् र गार्मेन्ट उद्योगसम्म जाँदा र त्यहाँबाट फर्कंदा उनीहरूले असल आचरण प्रस्तुत गरे ।


आफ्नो रोजगारीले उनीहरूको घरायसी जिम्मेवारीहरू (वा घरमा पुरुषको सुखसुविधा)लाई असर नगरेको सुनिश्चित गर्न महिलाहरूले धेरै उपायहरू अवलम्बन गरे । केहीले ती जिम्मेवारीहरू परिवारका अन्य सदस्यहरूलाई प्रत्यायोजन गरे भने अन्यले त्यस्तो काम रोजागरीमा जानु अघि र गएर फर्केपछि सम्पन्न गरे ।

यी रणनीतिहरूले महिलाहरूका पतिलाई घरबाहिर उनीहरूले गर्ने कामले पारिवारिक जीवनलाई अवरुद्ध गर्दैन भन्ने कुरालाई आश्वास्त पार्ने प्रयास गर्‍यो । वास्तविकतामा भने यसले अवश्य प्रभावित गर्‍यो । उनीहरूका पतिले आशंका गरे जस्तो महिलाहरू अवज्ञाकारी भएनन्, तर दुवै पक्षले महिलाहरूको वित्तीय योगदानको महत्वलाई स्वीकार गर्‍यो र घरभित्रको शक्ति सन्तुलनमा ठोस परिवर्तन भने आयो ।

रेखाचित्र ४

## महिला र पुरुषको श्रमशक्ति सहभागिता दरमा विवाहको प्रभाव

**विश्वव्यापी रुपमा, विवाहले श्रमशक्तिमा पुरुषहरूको सहभागिता बढाउने गरेको प्रवृत्ति देखिए पनि महिलाका लागि भने त्यसको प्रभाव ठिक विपरित छ।**




**लिङ्ग, वैवाहिक स्थिति र क्षेत्रको आधारमा २५-५४ उमेर समूहका व्यक्तिहरूको श्रमशक्ति सहभागिता, पछिल्लो उपलब्ध बर्ष**

**स्रोत :** आईएलओ २०१८ख; एलआईएस (विभिन्न बर्ष) र एबीएस २०१६ बाट प्राप्त तथ्याङ्कमा आधारित यूएन वुमनको गणना

टिपोट : हरेक देशका लागि उपलब्ध पछिल्लो तथ्याङ्क प्रयोग गरियो, जसमा सन् २००७ देखि २०१८ सम्मको थियो र विश्वव्यापी र क्षेत्रीय विश्लेषणका लागि क्रमश: ९३ र १०९ देशको नमूना प्रयोग गरिएको थियो। अस्ट्रेलिया र न्यूजील्याण्ड क्षेत्रमा अस्ट्रेलियका लागि मात्र सूचना उपलब्ध छ। प्रस्तुत क्षेत्रीय योग यूएन डिइएसए २०१७ एमबाट प्राप्त २५ देखि ५४ बर्ष उमेरका व्यक्ति (क्रमश:पुरुष र महिला)का लागि जनसङ्ख्याको अंकमा आधारित भारित औसत हुन्।


## ४. समय, पैसा र सेवाहरू उपलब्ध गराएर परिवारलाई स्याहार गर्न सहयोग गर्ने

चाहे स-साना बालबालिका होस्, वयश्क वा असक्त वृद्धवृद्धा हुन् अधिकांश दैनिक हेरचाहजन्य र पालनपोषणको काम परिवारहरूले गर्छन्, र त्यसको अभावमा अर्थतन्त्र र समाजहरू ठप्प हुन सक्थे ।  यो हेरचाहजन्य काम धेरैजसो गर्ने भनेको महिलाहरूले हो । ल्याटिन अमेरिका र क्यारेबियनका लागि रेखाचित्र ५ मा देखाइएको जस्तै गरिब घरपरिवारमा रहने व्यक्तिले वेतलबी हेरचाहजन्य र घरायसी काममा बिताउने समय बढी हुन्छ ; ग्रामीण क्षेत्रमा बसोबास गर्ने, विवाहित र स-साना छोराछोरी भएका महिलाहरूका लागि पनि यही कुरा लागु हुन्छ ।

परिवारहरूले हेरचाहजन्य कामको व्यवस्थापनमा केन्द्रीय भूमिका निर्वाह गर्छन् भने अन्य संस्था र पात्रहरूले पनि चाहे बजार (जस्तैः तलबी घरेलु श्रमिकहरू), सार्वजनिक सेवा (जस्तै नगरपालिकाद्वारा सञ्चालित वृद्धाश्रम) होस् वा विभिन्न प्रकारका गैरनाफामूलक सेवा प्रदायकहरू (जस्तैः सामुदायिक बाल स्याहार केन्द्र) होस्, तिनीहरूमार्फत हेरचाहजन्य सेवाको आर्थिक पक्षमा र/वा त्यसलाई आपूर्ति गर्नमा केही भूमिका निर्वाह गर्दछन् ।

राष्ट्रिय हेरचाह प्रणालीलाई स-साना छोराछोरी भएका अभिभावकहरूका लागि प्रसुति र पैतृक विदा; अनौपचारिक रुपमा स्वरोजगारमा रहेका श्रमिकहरूलाई विदा लिन सक्षम बनाउने नगद प्रोत्साहन ; र घरपरिवारका वृद्ध सदस्य वा अपाङ्गता भएका व्यक्तिहरूको हेरचाह गर्ने व्यक्तिहरूका लागि नगद प्रोत्साहन र विदाको व्यवस्था गरी प्रगतिमूलक हिसाबले विकसित गरिन आवश्यक छ । वेतलबी हेरचाहजन्य र घरेलु श्रमको भार कम गर्न आधारभूत पूर्वाधारमा ; व्यावसायिक पूर्वप्राथमिक शिक्षा र हेरचाह (हे. बाकस ४) ; र अपाङ्गता भएका व्यक्ति र वृद्धवृद्धाहरूका लागि दीर्घकालीन हेरचाहमा बढी सार्वजनिक लगानी आवश्यक छ ।

रेखाचित्र ५ लिङ्ग र आयको आधारमा वेतलबी हेरचाहजन्य र घरायसी श्रममा बिताइने औसत समय, खास ल्याटिन अमेरिकी र क्यारेबियन देशहरू, पछिल्लो उपलब्ध बर्ष




**स्रोत :** सीइपिएल २०१८

टिपोट : अभारित औसत ११ देशहरुका लागि उपलब्ध पछिल्लो तथ्याङ्क अंकहरुमा आधारित छ : अर्जेन्टिना (२०१३), ब्राजिल (२०१२), चिली (२०१५), कोलोम्बिया (२०१२), इक्वेडोर (२०१२), एलसाल्भाडोर (२०१०), ग्वाटेमाला (२०११), होन्डुरस (२००९), मेक्सिको (२०१४), मेक्सिको (२०१४), पेरु (२०१०) र उरुग्वे (२०१३), जहाँ हरेक देशलाई समान तुलनात्मक महत्व दिइएको छ ।

## ५. परिवारहरूमा हुने महिला विरुद्ध हिंसा निवारण र प्रतिकार्य

महिला र बालिकाहरुले हिंसा र दुर्व्यवहार सामना गर्ने सबैभन्दा सम्भाव्य स्थान घर नै भएकाले, उनीहरुका लागि परिवार भनेको असुरक्षाको सागर हुनसक्छ। विश्वभरीमा, १७.८ प्रतिशत महिलाले पछिल्लो १२ महिनाभित्र आफ्नो जीवनसाथी बाट शारीरिक वा यौन हिंसाको अनुभव गरेको बताउने गर्छन् (चित्र ६ हेर्नुहोस् )।

महिला र बालिकाहरुविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने कानून, नीति र कार्यक्रम कार्यान्वयन गर्नु राज्यको  दायित्व हो। पीडकलाई आफ्ना क्रियाकलापप्रति जवाफदेही बनाउन, पीडितका लागि न्यायको खोजी गर्ने बाटो उपलब्ध गराउन र बृहत् समुदायमा हिंसाको अस्वीकार्यताबारे संकेत दिन, परिवारभित्र महिला र बालिकाहरुविरुद्ध हुने विभिन्न प्रकारका हिंसालाई अपराधका रुपमा परिभाषित गर्ने कानून महत्वपूर्ण हुन्छन्।

महिलाले हिंसात्मक वा दुर्व्यवहारपूर्ण अवस्थालाई छोडेर बाहिर निस्कन सक्ने बनाउनका लागि विवाह, पारापाचुके र संरक्षणमा रहँदा महिला अधिकार कायम राख्ने कानूनका लागि पारिवारिक कानूनमा सुधार गरिनुपर्छ। यिनै कारणका लागि, आप्रवासी महिलाको बसाईंको हैसियत उनको पुरुष जीवनसाथीबाट स्वतन्त्र हुने सुनिश्चितताका लागि आप्रवासन नियमावलीहरुमा सुधार पनि महत्वपूर्ण हुन्छ। आयमा महिलाको स्वतन्त्र पहुँच सुनिश्चितताका साथसाथै, उपयुक्त कानून र नियमावली लागू गर्दै, न्यायमा महिलाको पहुँचमा सुधार ल्याउनका लागि विभिन्न सहयोगी कार्यक्रमहरुको आवश्यकता हुने गर्छ।

यसमा हिंसाबाट गुज्रिएकाहरुका लागि बहुक्षेत्रीय एवं संयोजित सहयोगका सेवाको स्थापना र सुदृढीकरण, र हिंसाका कारकतत्वहरुलाई सम्बोधन गर्ने रोकथामसम्बन्धी कार्यक्रमका लागि सारभूत र दिर्घकालीन लगानी पर्छन् ( बाकस ५ हेर्नुहोस्)। मितव्ययिता अपनाउनु पर्ने समयमा यस्ता सेवाहरुलाई संरक्षण प्रदान गरिनुपर्ने हुन्छ।

**बाकस ५**

### सासा ! ले सिकाएको पाठ : एक सामुदायिक परिचालन कार्यक्रम


सासा ! एक सामुदायिक परिचालन कार्यक्रम हो, जसको शुरुवात रेइजिंग भ्वाइसेस् नामक युगाण्डाको एक गैर सरकारी संस्थाले गरेको थियो। यस कार्यक्रमले लैंगिक असमानता, महिलाविरुद्ध हिंसा र एचआईभीको जोखिम बढाउने समुदायका धारणा, मूल्यमान्यता र व्यवहार परिवर्तनका लागि काम गर्छ। यस परियोजनाले शक्तिको गतिशीलता र लैंगिक सम्बन्धको लेखाजोखा गरेर आलोचनात्मक विश्लेषण र छलफल प्रवर्द्धनका लागि समुदायका विविध सरोकारवालाहरुसंग प्रणालीगत रुपमा काम गर्छ। किस्वाहिली भाषामा “अब” भन्ने अर्थ भएको सासा !, वास्तवमा यस पद्धतिका चार चरणहरु : शुरुवात, सचेतना, सहयोग र कदमलाई जनाउने संक्षिप्त शब्द हो।

सन् २०१३ को मूल्यांकनका अनुसार महिला र पुरुष दुवैले आपसी सम्बन्धमा हुने शारीरिक हिंसाको सामाजिक स्वीकार्यता घटेको बताइएको पाइयो भने, महिलाले आफ्नो पार्टनरसंग यौनसम्पर्क अस्वीकार गर्ने कुरामा सामाजिक स्वीकार्यता बढेको पाइयो। यस अध्ययनको १२ महिना पूर्व सासा! कार्यक्रम भएका समुदायमा पार्टनरबाट हुने शारीरिक हिंसाको मात्रालाई अन्य समुदायसंग तुलना गर्दा यहाँ ५२ प्रतिशतले घटेको पाइयो [45]।

सासा! व्यक्तिगत सम्बन्धका गतिशीलतामा केन्दित भएका कारण साथै बृहत समुदायभित्रका सामाजिक मूल्यमान्यतामा परियोजनाले पारेको प्रभावका कारण यी नतिजा प्राप्त गर्न सकिएका थिए। सम्बन्धका स्तरमा, परस्पर सहयोगी लैंगिक भूमिकाका फाइदा पत्ता लगाउन दम्पतीहरुलाई सहयोग गर्नुका साथै, सञ्चारमा सुधार ल्याउन र संयुक्त निर्णय एवं समस्या समाधान गर्न उनीहरुलाई उत्प्रेरित गरेको थियो। समुदायका स्तरमा, महिलाविरुद्धका हिंसामा असहनशीलताको वातावरण बनाउनमा सासा ! केन्द्रित रहेको थियो। महिलाविरुद्धका हिंसाको स्वीकार्यता घटाउनका लागि सन्देश प्रवाह र समुदायका सदस्यहरुलाई छलफलमा संलग्न गराएर साथै, आफ्नो समुदायमा महिलाविरुद्ध हुने हिंसा घटाउनका लागि व्यक्तिगत सीप, इच्छाशक्ति र जिम्मेवारीबोध बढाएर यस परियोजनाले काम गरेको थियो।

सासा ! जस्तो परिवेशमा आधारित र सघन स्रोत र समय आवश्यक पर्ने कार्यक्रमका लागि चुनौती भनेको यसको विस्तार र दिगोपना हो। यस्तो नमूना परियोजनालाई राष्ट्रिय स्तरसम्म कसरी विस्तार गर्ने भन्नेबारे थप अनुसन्धानको आवश्यकता पर्छ।

**रेखाचित्र ६** क्षेत्रका आधारमा, पछिल्लो १२ महिनामा आफ्नो वर्तमान वा विगतको अन्तरंग पार्टनरबाट शारीरिक वा यौन हिंसा भोगेका कम्तीमा एक समयमा दाम्पत्य सम्बन्धमा रहिसकेका १५-४९ वर्षका महिला र किशोरीको मात्रा, उपलब्ध पछिल्लो वर्ष




- ल्याटिन अमेरिका र क्यारेबियन*
- सबसहारा अफ्रिका
- उत्तर अफ्रिका र पश्चिम एसिया*
- मध्य तथा दक्षिण एसिया
- यूरोप र उत्तर अमेरिका
- पूर्वी र दक्षिणपूर्वी एसिया*
- ओसियानिया (अस्ट्रेलिया र न्यूजीलयाण्ड बाहेक)

**स्रोत : यूएनएसडी २०१८ ।**

टिपोट : वृत्तहरुले कुल १०६ वटा देश र भूभागहरुमा १५ देखि ४९ बर्षका महिलाहरुका लागि प्रति क्षेत्र जनसङ्ख्याको भारित औसत देखाउँछन् । जनसङ्ख्याको भार विश्व जनसङ्ख्या प्रक्षेपणहरुबाट उपलब्ध यौन तथा उमेरका आधारमा विखण्डित तथ्याङ्क उपलब्ध देश र भूभागकहरुका लागि सन् २०१७ को अंकमा आधारित छ । यो विश्लेषणले देशहरुको ५४.४ प्रतिशत र १५ देखि ४९ बर्षका महिला तथा बालिकाहरुको ५० प्रतिशत जनसंख्या ओगट्ने १०६ वटा देश तथा भूभागहरुलाई समेटेको छ । पूर्वी र दक्षिणपूर्वी एसिया, ल्याटिन अमेरिका र क्यारेबियन, र उत्तर अफ्रिका र पश्चिम एसियाका लागि तथ्याङ्कले क्षेत्रको क्रमशः १२.७, ४८.४ र ४१.७ प्रतिशत समेटेको छ । (*) चिन्ह लगाइएको क्षेत्रीय र विश्वव्यापी योगहरु उनीहरुको सम्बन्धित जनसङ्ख्याको दुई तिहाई वा बढी समेट्ने तथ्याङ्कमा आधारित छन् । अस्ट्रेलिया र न्यूजील्याण्डका लागि क्षेत्री औसत गणना गर्न जनसङ्ख्याको फैलावट अपर्याप्त थियो, र त्यसकारण देखाइएको छैन । १०६ मध्ये ७५ देशका लागि महिलाको उमेर समूह १५-४९ छ भने ३० वटा देशहरुका लागि १८-४९ रहेको छ । प्याराग्वेको हकमा नमूना १५ देखि ४४ बर्षका महिलाहरुका लागि छ र पोर्चुगका लागि उमेर समूह १८-५० रहेको छ । आइभोरीकोस्टका लागि तथ्याङ्क हाल विवाहित महिलाका लागि मात्र छन् । यौन हिंसाको परिभाषा निकारागुवा, पानामा, प्याराग्वे र उरुग्वेका लागि मापदण्ड भन्दा फरक छ । शारीरिक र यौन हिंसाको परिभाषा नमूनामा सबै युरोपेली देशहरुका लागि मापदण्डभन्दा फरक छ ।

# ६. आप्रवासी परिवार र महिला अधिकारलाई सहयोग गर्ने नीति र नियमावलीहरू कार्यान्वयन गर्ने

आप्रवासनले महिलाका लागि नयाँ अवसरहरु ल्याउने भए तापनि, परिवारका सदस्यहरु संगै बस्ने वा अलग बस्नुपर्ने भन्ने कुरामा असर पार्ने जटिल नीति र नियमावलीहरुलाई उनीहरूले प्रायः बुझ्नुपर्ने आवश्यकता हुनेगर्छ। उदाहरणका लागि, विभिन्न देशमा परिवारका कुन-कुन सदस्य पारिवारिक पुनर्मिलनका लागि योग्य हुन्छन् भन्ने परिभाषित गर्ने नियमावलीको ढाँचा पनि फरक-फरक छन् भने कति देशमा आप्रवासीहरुसंग पेशागत योग्यता वा विशेष सीप भएमा मात्र त्यसका लागि योग्य ठहरिन्छन्। परिवारका अन्य सदस्यका तुलनामा महिलाको सम्झौता शक्ति सबलीकरण गर्ने नीति र नियमावली राज्यहरुले बनाउन सक्छन्, उदाहरणका लागि, शरणार्थी वा आश्रय माग्ने महिलाहरुलाई उनीहरुका परिवारका पुरुष सदस्य भन्दा भिन्दै दर्ता गर्ने र विवाह वा पारिवारिक पुनर्मिलनमार्फत् आप्रवासन गर्ने महिलाका लागि बस्नका लागि स्वतन्त्र अनुमति प्रदान गर्ने।

इन्डोनेशियाको परिवर्तनको कथाले दर्शाए अनुसार, आप्रवासीहरुले आफ्नो मानवअधिकार उपभोग गर्न पाउन् भन्ने सुनिश्चित गर्नका लागि सरकारलाई दबाब दिनमा नागरिक समाजको महत्वपूर्ण भूमिका रहन्छ। नागरिकता वा आप्रवासनको हैसियतले सीमित नहुने, स्वास्थ्य, शिक्षा र बालस्याहार जस्ता सामाजिक एवं सार्वजनिक सेवाहरुमा विश्वव्यापी पहुँच हुनु महत्वपूर्ण हुन्छ। जसले गर्दा आप्रवासी महिला र उनका परिवारले स्याहारसम्बन्धी जिम्मेवारी पूरा गर्न सक्छन्र उनीहरु गरिबीतिर धकेलिंदैनन्। केहि महिला र पुरुषले आफ्ना परिवारलाई छोडेर आप्रवासनमा जान बाध्य पार्ने तत्वहरुलाई सम्बोधन गर्ने आर्थिक एवं सामाजिक नीतिहरुको पनि आवश्यकता पर्छ।

**प्रगति/परिवर्तनका कथा**

## इन्डोनेशियाका आप्रवासी श्रमिक र उनीहरुका परिवारका लागि संरक्षण प्राप्ती

*विदेशमा काम गर्ने लाखौं इन्डोनेशियाली श्रमिकहरुले अहिले कठिन संघर्षपश्चात् शोषणविरुद्ध कानूनी संरक्षण प्राप्त गरेका छन्, जसका लागि अग्रणी अभियन्ताहरुको काम प्रशंसनीय रहेको थियो*

हजारौं माइल टाढा रहेको खाडीको एक मुलुकमा काम गर्नका लागि आफ्ना बच्चाहरु छोडेर गएकी एक स्थानीय महिलाको कथा एक बिहान अखबारमा पढ्दा अनिस हिदाया आफू एक विद्यार्थी नै थिइन्। त्यहाँ ती महिलामाथि आफ्नै रोजगारदाताबाट शोषण, कुटपिट र बलात्कार भएको रहेछ। जब उनी घर फर्किइन्, उनलाई सामाजिक बहिष्करण गरियो, र उनको परिवारलाई अपमान र समाजबाट अलग गरियो।

इन्डोनेशियामा संसारको सबैभन्दा ठूलो आप्रवासी श्रमिक समुदाय छ। सन् २०१६मा, करिब ९० लाख इन्डोनेशियालीहरु विदेशमा काम गरिरहेको आंकलन गरिएको थियो। तीमध्ये आधी महिला थिए, जसमध्येका बहुसंख्यक घरेलु कामदारका रुपमा अनौपचारिक रोजगारीमा थिए [46]।

हिदायाका अनुसार, इन्डोनेशियाका धेरै परिवारमा, आफ्ना बालबच्चाको पढाई सुरक्षित गर्न र जीवनका अवसर खोज्न कम्तीमा परिवारको एक वयस्क वैदेशिक रोजगारीमा जाउन् भन्ने अपेक्षा हुने गर्छ। उनी हुर्केको गाउँमा, हिदायाका धेरै साथीका अभिभावक विदेशमा बस्ने हुनाले उनीहरुलाई आफ्ना हजुरबुवा/आमाले हुर्काएका थिए।

“यो मेरो समुदाय हो र त्यसैले मेरो पनि समस्या हो भन्ने मैले महसुस गरेँ” उनी भन्छिन्।

सन् २००४ मा, हिदाया र अन्य मानव अधिकारवादी अभियन्ताहरू मिलेर माइग्रेन्ट केयर शुरु गरे, जुन संस्थाले इन्डोनेशियाली आप्रवासी कामदारको उचित संरक्षणका लागि संघर्ष गर्दै आएको छ। श्रमिक तथा उनका परिवारहरुले सहयोगका लागि यस संस्थामा वार्षिक १,००० भन्दा बढि फोन गर्ने गर्छन्।



अनिस हिदाया, माइग्रेन्ट केयरका सह-संस्थापक, आफ्नो घरमा ।

तस्वीर : युएन वुमन/एड वें

सन् २०१७मा, सरकारले पहिलोपटक एक कानून पारित गऱ्यो, जसले आधिकारिक माध्यमबाट विदेश जाने आप्रवासी कामदारका केहि आधारभूत अधिकारको प्रत्याभूत गर्छ [47] "यो नयाँ कानून, आफैंमा उत्कृष्ट नभएपनि, हाम्रो लागि एक महान विजय हो", हिदाया भन्छिन् । आप्रवासन प्रकृयामा भर्ती गर्ने एजेन्सीहरुको शक्ति घटाउने महत्वपूर्ण प्रावधान, माइग्रेन्ट केयरले सफलतापूर्वक चलाएको एक अभियान थियो ।

माइग्रेन्ट केयरले आप्रवासी कामदारहरुले छोडेर गएका बालबालिकाको सहयोगमा पनि गाउँहरुलाई सहयोग गर्दै आएको छ । हिदाया भन्छिन् "हामीलाई थाहा हुनुपर्छ, जस्तै कुनै बच्चा विद्यालय जान छोडेको छ कि, वा उनीहरुका आमाबुवा विदेशमा भएका समयमा घरमा उनीहरुमाथि दुर्व्यवहार भएको छ कि । उनीहरुको कल्याण समुदायको जिम्मामा रहने प्रणाली स्थापित कार्यान्वयनमा हामी सहयोग गर्दैछौं, जसअनुरुप घरेलु कामदारका परिवार गाउँ विकास योजना र बजेट कार्यक्रममा समावेश गरियोस् । यसप्रकार, पूरै गाउँले साझा जिम्मेवारी बहन गर्छ ।"

माइग्रेन्ट केयरले आफ्नो कामलाई समुदायमा मात्र केन्द्रित गरेको छैन । सन् २०१७मा दक्षिणपूर्वी एशियाली राष्ट्रहरुको संगठन (आशियान)ले आप्रवासी कामदारहरुको संरक्षण र प्रवर्द्धनसम्बन्धी सहमतिमा यस क्षेत्रका १० राष्ट्रले स्रोत र गन्तब्य दुवै राष्ट्रका करोडौं आप्रवासी कामदारका सामाजिक संरक्षण, न्यायमा पहुँच र मानव अधिकार सुदृढ गर्ने बाचाका साथ हस्ताक्षर गरेका थिए यस क्षेत्रका नागरिक समाज समूहका लागि यो एक विजय भएपनि, हिदायाका अनुसार अझैपनि तत्काल गर्नुपर्ने काम बाँकी छन् । माइग्रेन्ट केयरको प्राथमिकतामध्ये एक रहेको छ, लाखौं अवैध कामदारहरु, जो अनौपचारिक माध्यम प्रयोग गर्दै कामका लागि आप्रवासनमा गएका कारण आशियान सहमतिका समावेश छैनन् र उनीहरुको सरकारले मान्यता र संरक्षण प्रदान गर्दैनन्, ती कामदारहरुको अधिकारका लागि लड्ने ।

"हामी यी कामदारलाई मानवीय एवं श्रम अधिकारको दृष्टिकोणबाट हेर्छौं, तर यो दृष्टिकोण हाम्रो देश वा हाम्रो क्षेत्रका राजनीति वा कानूनमा अझैपनि प्रतिबिम्बित छैनन्", हिदाया भन्छिन् । "तैपनि, पछिल्ला केहि वर्षका प्रगतिले यस सवालमा पनि दीर्घकालीन र दिगो रुपमा केहि गर्न सकिन्छ भन्ने हौसला हामीमा आएको छ ।"

**"पछिल्ला केहि वर्षका प्रगतिले यस सवालमा पनि दीर्घकालीन र दिगो रुपमा केहि गर्न सकिन्छ भन्ने हौसला हामीमा आएको छ ।"**

## ७. परिवार र घरपरिवारहरूसम्बन्धी लैङ्गिक रुपमा संवेदनशील तथ्याङ्कमा लगानी गर्ने

समकालीन पारिवारिक जीवनबारे हामीसंग सीमित ज्ञान छ। पारिवारिक वास्तविकतामा आइरहेको परिवर्तन प्रतिबिम्वित हुने सार्वजनिक नीति निर्माण तथा अवलम्बनका लागि नीति निर्माणकर्ताहरुको क्षमतालाई सबै क्षेत्रमा व्याप्त तथ्याङ्कको सीमितताले क्षीण बनाइदिएको छ। जीवनका महत्वपूर्ण घटनाहरु (जन्म, मृत्यु, विवाह र पारपाचुके)बारे जानकारी संकलन गर्ने नागरिक दर्ता र अत्यावश्यक तथ्याङ्कतथ्याङ्क दर्ता प्रणालीलाई सुदृढ गर्नु आवश्यक छ। कम्तीमा पनि ११० देशमा कार्यगत दर्ता प्रणाली छैन र निश्चित समूहका महत्वपूर्ण घटनाहरुको दर्ता कम हुने गरेको छ, जसकारण साना बालबच्चा भएका परिवारका लागि सामाजिक हस्तान्तरण जस्ता नीति निर्माण तथा योजना गर्ने सरकारको क्षमतामा असर पर्छ [49]। घरपरिवारको बनौट र भरपर्दो व्यक्तिगत तहको तथ्याङ्कसम्बन्धी विविधता समेट्नका लागि जनगणना र राष्ट्रिय प्रतिनिधिमूलक सर्वेक्षणमा विधिजन्य फेरबदलको आवश्यकता पर्छ।

बाकस ६ मा भनिएजस्तै, विविधतापूर्ण र मौंलाउँदो पारिवारिक प्रकारलाई समेट्नका लागि धेरै क्षेत्रमा प्रयास जारी छ।

प्रचलित तथ्याङ्क संकलनका विधिमा विद्यमान पूर्वाग्रह र तिनले समेट्ने कुरामा भएका लैंगिक अन्तरलाई प्रणालीगत रुपमा पहिचान गर्नु र अन्त्य गर्नु जरुरी हुनाका साथै, बहुभाषिक एवं बहुसांस्कृतिक क्षमता अभिबृद्धि गर्नु आवश्यक छ। यी सबैका लागि, राष्ट्रिय तथ्याङ्क कार्यालयमा क्षमता अभिबृद्धि र लगानी आवश्यक हुन्छ। महिला अधिकार प्रवर्द्धन र पारिवारिक जीवनमा सहयोगका लागि लैंगिक उत्तरदायी नीतिनिर्माणमा पनि, संख्यात्मक सूचनालाई परिस्थितिजन्य गुणात्मक प्रमाणले समपूरण गर्ने बहुविधि र अन्तरविधात्मक पद्धतिको आवश्यकता हुन्छ।

**बाकस ६**

### "नयाँ प्रकारका" परिवारलाई तथ्यांकशास्त्रमा परिभाषित गर्ने प्रयास

**अहिले तथ्यांकशास्त्रीहरू "नयाँ प्रकारका" परिवार र घरपरिवारलाई समेट्ने विविध उपाय खोज्दै छन्। यी परिवारका परिभाषा विभिन्न देशर र क्षेत्रमा फरक छन्, किनकि ती परिवारमा परिवेशमा आधारित विशेषता र नीतिगत चासो हुने गर्छन्। उदाहरणका लागि, दक्षिणी अमेरिकी र क्यारेबियनका धेरै देशले दाम्पत्य सम्बन्धका धेरै विविधतालाई मान्यता दिएर, संगै बस्ने र/वा समलिंगी दम्पतीहरुको अभिलेखीकरणलाई प्राथमिकीकरण गरेको छ [50]।**

**युरोपेली देशहरुले पनि परिवारका प्रकारका विविधतालाई विस्तार गरेका छन्। यसभित्र विवाहित वा संगैबस्ने दम्पतीमध्येका एक वा दुवैका पहिलेको सम्बन्धबाट जन्मिएका एक वा एकभन्दा बढि बालबच्चासहितको समिश्रित परिवार (blended families) लगायत पर्छन् [51]। यसमा अलग बस्ने जोडी सम्बन्ध पनि पर्छन्, जसमा दम्पतीमा अन्तरंग सम्बन्ध भएतापनि उनीहरु दुई अलग घरपरिवारमा बस्छन् [52]।**

**विद्यमान सामाजिक मूल्यमान्यताले गर्दा केहि निश्चित प्रश्नहरु सर्वेक्षणमा समावेश गर्न कठिन हुनसक्छ, तर ती प्रश्न नराख्दा, त्यस प्रकारका परिवार वा सम्बन्ध विरलै हुनेगर्छन् वा हुँदै हुँदैनन् भन्ने धारणा झल्काउँछ, जसले एउटा चक्र बनाइदिन्छ। यदि, आजको दिनमा परिवारहरु कसरी बस्छन् भन्ने ज्ञान र बुझाई बढाउनु छ भने, यो चक्रलाई तोड्न जरुरी छ।**

## ८. परिवारमैत्री नीतिहरूका लागि स्रोतको व्यवस्था भएको सुनिश्चित गर्ने


महिलाका अवस्थासम्बन्धी आयोगले सदस्य राष्ट्रहरुलाई लैंगिक समानता र महिला सशक्तीकरण प्राप्तीतर्फ लक्षित परिवारमूखी नीतिहरु कार्यान्वयन गर्न आह्वान गरेको छ [53]। यस प्रतिवेदनले एक यस्तो नीतिगत प्याकेज प्रस्ताव गर्छ, जसले सबै मानिसको जीवनचक्रभरी नै विश्व श्रम संगठनको संरक्षण फ्लोर सुझाव, २०१२ (नं. २०२) अनुरुप आधारभूत आयको सुरक्षा र अत्यावश्यक स्वास्थ्य स्याहारको प्रत्याभूति गर्छ, साथै विद्यालय जान शुरु नगरेका बालबालिका र बृद्धावस्थाका वयस्कहरुले गुणस्तरीय स्याहार सेवामा पहुँच पाउने सुनिश्चित गर्छ। राजनीतिक इच्छाशक्ति बाहेक, यस्ता परिवारमैत्री नीतिका लागि पर्याप्त स्रोतको आवश्यकता पर्छ। धेरैजसो देशका लागि यो स्रोत उपलब्ध गराउन सम्भव रहेको यस प्रतिवेदनको विश्लेषणमा देखिएको छ [54]।

उदाहरणका लागि, आय, स्वास्थ्य र स्याहारमा विद्यमान अन्तर हटाउनका लागि, एक चौथाई देश (अध्ययन गरिएका १५५मध्ये ४१)ले आफ्नो कुल ग्राहस्थ उत्पादनको ३ प्रतिशतभन्दा कममा यी आवश्यक नीति कार्यान्वयन गर्न सक्छन् भने, आधाभन्दा अलि बढि देश (७९)ले आफ्नो कुल ग्राहस्थ उत्पादनको ५ प्रतिशतभन्दा कममा गर्न सक्छन्। पाँचमध्ये एक देशमा यी नीतिका लागि आफ्नो कुल ग्राहस्थ उत्पादनको १० प्रतिशतभन्दा बढि लाग्छ, अर्थात् अतिरिक्त अन्तर्राष्टिय सहयोगको आवश्यकता पर्ने हुन्छ (चित्र ७ हेर्नुहोस्)।

यी नीतिका लागि स्रोत व्यवस्थापन गर्न सरकारहरुले राजस्वमा बृद्धि, सामाजिक सुरक्षाको क्षेत्र विस्तार, सापटी वा कर्जा पुनर्संरचना, दक्षिणी देशबाट उत्तरतिर हुने स्थान्तान्तर कमी, अवैध वित्तीय प्रवाहको अन्त्य र सहयोग एवं ट्रान्सफरको फाइदा उठाउने जस्ता विविध तरिकाहरु अपनाउनुपर्ने हुन्छ।

यी लगानीहरुले महिला तथा बालिकाका लागि, परिवारहरुका लागि र समाजका लागि उल्लेख्य प्रतिफल ल्याउँछन्। यी व्यवस्थाले बालबालिकाका मानवीय क्षमता विकास गर्नुका साथै, अपांगता भएका व्यक्ति र वृद्धवृद्धाका आत्मसम्मान र मानव अधिकारको सुरक्षा गर्दै स्याहारका क्षेत्रमा काम गर्ने महिला एवं पुरुषका लागि सम्मानजनक रोजगारीका अवसर सृजना गर्छ।

रेखाचित्र ७ आय, स्वास्थ्य र स्याहारमा विद्यमान अन्तर हटाउनका लागि आफ्नो कुल ग्राहस्थ उत्पादनको अनुपातमा आवश्यक स्रोतको आधारमा देशको संख्या, २०१५




**स्रोत :** बियरबाउम र सिचोन

नोट : सन् २०१५ को तथ्याङ्क वा हरेक देशका लागि उपलब्ध पछिल्लो तथ्याङ्क १५५ देशको नमूनाका लागि प्रयोग गरिएको हो कुनै देशका लागि अनुमानहरु उपलब्ध नहुँदा मुल्यहरु सोही क्षेत्र र समान आय वर्ग भएका देशहरुको औसत मुल्यामा आधारित मुल्य (गरिबको अन्तर, वेरोजगारीको दर, श्रमशक्ति सहभागिताको दर, दक्ष प्रसुति र दीर्घकालीन हेरचाहमा खर्चसम्बन्धी तथ्याङ्कबाहेक) गणना गरिएको छ।(

# सन्दर्भसामग्री

सन्दर्भसामग्रीको पूर्ण सूचीका लागि, **http://progress.unwomen.org** मा उपलब्ध पूर्ण प्रतिवेदन हेर्नुहोस् ।


१. Sen 1990a.

2. २. Agarwal 1997.

3. ३. Sierminska and Girshina 2017.

4. ४. Budig and England 2001.

5. ५. Alvaredo et al. 2017.

6. ६. Nieuwenhuis and Maldonado 2018.

7. Based on average differences in female/male unweighted means. UN Women calculations based on UNSD 2018.

8. UNODC 2018.

9. This figure is based on a weighted average for a sample of 86 countries and territories covering 78.5 per cent of the World's population.

10. This analysis covers 88 countries and territories comprising 61.3 per cent of the world's population, based on latest available data from 2007 onwards.

11. Therborn 2004.

12. UN DESA 2011.

13. Barker 2017.

14. Posel et al. 2011.

15. Härkönen 2014.

16. Stevenson and Wolfers 2006.

17. De Vaus et al. 2015; Gadalla 2008.

18. Elson 1998; UN Women 2014b.

19. UN General Assembly 1948, 217 A (III).

20. Sepúlveda Carmona 2017.

21. Pateman 1983.

22. UNFPA 1994.

23. UN CEDAW 2017b.

24. UN General Assembly 1989.

25. Htun and Weldon 2018.

26. UN General Assembly 1979, Declarations and Reservations, endnote 82; Tamaru et al. 2018.

27. Khalil 2014; Debuysere 2016.

28. Hitman 2018.

29. Tamaru et al. 2018.

30. Library of Congress 2018.

31. For example, the proportion of households headed by women is 12.9 per cent in Egypt, 13 per cent in Jordan, 9.8 per cent in State of Palestine and 7.8 per cent in Yemen. See: UN DESA 2018a.

32. See, for example, Powell 2017.

33. UN HRC 2018, para. 8. See also: UN CESCR 2016.

34. UN Women calculations from UN DESA 2018b; UN DESA 2018c.

35. UN DESA 2017m.

36. WHO et al. 2015.

37. Bucagu et al. 2012.

38. AFIDEP 2013.

39. WHO 2014b; World Bank 2016.

40. Farmer et al. 2015.

41. Schwandt et al. 2018.

42. Kabeer 2000.

43. Velasco 2017; Araujo et al. 2013.

44. Ministerio de Inclusión Económica y Social (Ecuador) 2013, pp. 25–26; Ministerio de Inclusión Económica y Social (Ecuador) 2018.

45. Abramsky et al. 2016.

46. World Bank 2017a.

47. President of the Republic of Indonesia 2017.

48. ASEAN 2017a, 2017b.

49. World Bank 2018a; Centre of Excellence for CRVS Systems 2019a, 2019b.

50. Salguero and Vignoli 2011.

51. UNECE 2015.

52. UNECE 2011.

53. UN ECOSOC 2018; UN ECOSOC 2019b.

54. Bierbaum and Cichon forthcoming.

Planet 50-50 by 2030
Step It Up for Gender Equality

## युएन वुमन

युएन वुमन लैङ्गिक समानता र महिला सशक्तीकरणमा समर्पित संयुक्त राष्ट्रसंघीय निकाय हो । महिला र बालिकाहरुको विययमा अग्रणी भूमिका निर्वाह गरिरहेको युएन वुमनलाई उनीहरुको आवश्यकतालाई विश्वव्यापी रुपमा पूरा गर्ने कामलाई द्रुत गति प्रदान गर्नका लागि स्थापना गरिएको हो ।

लैङ्गिक समानता हासिल गर्नका लागि विश्वव्यापी मापदण्ड तय गर्न युएन वुमनले संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरुलाई सहयोग प्रदान गर्दै, यी मापदण्ड कार्यान्वयनका लागि आवश्यक कानून, नीति, कार्यक्रम र सेवा निर्माणमा सरकार र नागरिक समाजसंग सहकार्य गर्छ । जीवनका हरेक पक्षमा महिलाको समान सहभागितालाई टेवा दिँदै, युएन वुमनले पाँचवटा प्राथमिकताका क्षेत्रमा केन्द्रित भएर काम गर्छ : महिलाको नेतृत्व र सहभागिता बढाउने, महिलाविरुद्धको हिंसा अन्त्य गर्ने, शान्ति र सुरक्षा प्रक्रियाका सबै पक्षमा महिलालाई संलग्न गराउने, महिलाको आर्थिक सशक्तीकरण बढाउने, र राष्ट्रिय विकास योजना र बजेट निर्माणमा लैङ्गिक समानतालाई केन्द्रमा राख्ने । युएन वुमनले समग्र संयुक्त राष्ट्रसङ्घीय प्रणालीको काममा लैङ्गिक समानता अभिवृद्धि गर्न समन्वय तथा प्रवर्द्धनको काम पनि गर्छ ।

220 East 42nd Street
New York, NY 10017, USA
Tel: 646-781-4400
Fax: 646-781-4444

www.unwomen.org
www.facebook.com/unwomen
www.twitter.com/un_women
www.youtube.com/unwomen
www.flickr.com/unwomen
www.instagram.co
m/unwomen